१७ औं कार्यपालिका बैठकका निर्णयहरू:

निर्णय नं. १: भूमिहीन दलित, भूमिहीन सकुम्बासी र अव्यबस्थीत बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-४ बमोजिमको निवेदन फाराम भर्दा यस नगरपालिका भित्र रहेको जग्गा जमिन आवाद कमोत प्रमाणित गर्ने अधिकार वडा अध्यक्षलाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. २: भूमि सम्बन्धी समस्या समाधान आयोगको मिति २०७७।१०।२३ च. नं. ३८७ को पत्र अनुसार अव्यबस्थित बसोवासीले एकै जिल्लामा आपसमा सिमाना जोडिएका एक भन्दा बढी स्थानीय तहको छुट्टा छुट्टै स्थानमा आवाद कमोत भएको हकमा, यस नगरपालिका भित्र रहेको जग्गा जमिनको आवाद कमोत सम्बन्धि सिफारिस गर्ने अधिकार सम्बन्धित वडा अध्यक्षलाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. ३: भूमि सम्बन्धी समस्या समाधान आयोगले यस नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको तथ्याङ्क संकलन कार्यको लागि मिति २०७७।१०।१५ गते जारी भएको ३५ दिने सूचनाको म्याद अपर्याप्त हुने देखिएकाले म्याद थप गर्न भूमि सम्बन्धी समस्या समाधान आयोगलाई अनुरोध गर्ने ।

निर्णय नं. ४: झलारी पिपलाडी उद्योग वाणिज्य संघ, झलारीले आफ्नो कार्यालय संचालन गर्न नगरपालिकाको सटर उपलब्ध गराईदिन अनुरोध गरेकोमा नगरपालिकाबाट निर्धारित भाडा एवं विद्युत महशुल र खानेपानी महशुल संघले तिर्ने गरी एक आर्थिक वर्षको लागि सम्झौता गरी एक सटर भाडामा उपलब्ध गराउने ।

निर्णय नं. ५: ६ नं. वडा कार्यालयको भवन निर्माण स्थल सम्बन्धमा वडा नं. ६ को वडा समितिको निर्णय तथा प्राविधिक प्रतिवेदन बमोजिम भवन निर्माण गर्ने ।

निर्णय नं. ६: देहाय बमोजिम झोलुङ्गे पुल निर्माणका लागि नेपाल राष्ट्रिय विकास समाज, कंचनपुरलाई अनुरोध गर्ने ।

क) वडा नं. ७ को स्याली र सुनवरा नदिमा झोलुङ्गे पुल निर्माण

ख) वडा नं. ४ को ढाँणा र कलुवापुर जोड्ने सुनवरा नदीमा झोलुङ्गे पुल निर्माण

निर्णय नं. ७: गत आर्थिक वर्षको बेरुजु फछ्र्यौट गर्न अतिरिक्त समयमा काम गर्ने गरि सुरु तलव स्केलको २५ % थप भत्ता उपलब्ध गराउने गरि देहाय बमोजिमका कर्मचारीहरुलाई काम काजमा लगाउने ।

क) जिन्सी शाखा प्रमुख — १ जना

ख) लेखा शाखा प्रमुख — १ जना

ग) लेखापाल- १ जना

घ) कम्प्युटर अपरेटर- २ जना

निर्णय नं. ८: संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने ।

निर्णय नं.: ९: यस नगरपालिकाको एकीकृत सम्पत्ती कर असुल गर्ने प्रयोजनको लागि तोकीएको जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धी अध्ययन गर्न आर्थिक समितिलाई ५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी जिम्मेवारी दिने ।

निर्णय नं. १०: चालु आ. व. २०७७।०७८ मा तराई-मधेश समृद्धि कार्यक्रम अन्तरगत स्वीकृत वडा नं. १० बर्थिङ सेन्टर निर्माण योजनाको लागि कार्यक्रमबाट स्वीकृत रकम रू ३०,००,०००।— (अक्षरेपी रू तिस लाख) मा कुल लागतको १० प्रतिशतले हुन आउने रकम रू ३,३३,३३४।— (अक्षरेपी रू. तिन लाख तेत्तिस हजार तिन सय चौतिस मात्र) नगरपालिको समपूरक कोषबाट साझेदारी गर्ने गरि कार्य अगाडी बढाउने ।

निर्णय नं. ११: आ. व. २०७७।०७८ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वडा नं. १२, १, २, ३, ४ र ५ लाई समेट्ने गरी २ वटा योजनाहरू र वडा नं. ६, ७, ८, ९, १० र ११ लाई समेट्ने गरी २ वटा योजनाहरू छनौट गर्न रोजगार सम्बन्धि स्थानीय निर्देशक समितिलाई जिम्मेवारी दिने ।

निर्णय नं. १२: स्वास्थ्य सेवा अन्तरगतका देहायका कर्मचारीहरु लाई नियमानुसार यस नगरपालिकामा सरूवा भइ आउन सहमती दिने ।

| सि. न. | कर्मचारीको नाम/थर | पद | पदाधिकार रहेको कार्यालय | जिल्ला |
|---|---|---|---|---|
| १ | रमेश भण्डारी | सि. अ. हे . व. अ. | जोरायल गाउपालिका | डोटी |
| २ | पार्वती जोशी | सि. अ. न. मि. | जयपृथ्वी नगरपालिका | बझाङ |
| ३ | गंगा बस्नेत | सि. अ. न. मि. | जयपृथ्वी नगरपालिका | बझाङ |
| ४ | पारभती देवी साउद | अ. न. मि. पाँचौ | दशरथचन्द नगरपालिका | बैतडी |
| ५ | यशोदा कुमारी ऐर | अ. न. मि. चौथो | मष्टा गाँउपालिका | बझाङ |
| ६ | मदन साउंद | सि. अ. हे. व. | पाटन नगरपालिका | बैतडी |